"For Nepali, By Nepali "

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार

## Non-Resident Nepali Association, National Coordination Council, Qatar

Estd: 2003

**चौथो तथा अन्तिम राष्ट्रिय परिषद् भेलामा प्रस्तुत कार्यप्रगति प्रतिवेदन ३ अप्रिल २०१५, शुक्रवार**

आदरणीय यस चौथो तथा अन्तिम राष्ट्रिय परिषद भेलाका सभापति महोदय,
प्रमुख अतिथिज्यू, विशेष अतिथि ज्यूहरु,
अतिथि ज्यूहरु एवं उपस्थित सम्पुर्ण परिषद सदस्य ज्यूहरु र पत्रकार मित्रहरु ।

''नेपालीका लागि नेपाली'' भन्ने मुल नाराका साथ विश्वका कुना कुनामा छरिएर रहेका नेपालीहरुको साझा संस्थाको रुपमा १२ बर्ष अगाडी स्थापित गैरआवासीय नेपाली अभियानको दोश्रो ऐतिहाँसिक राष्ट्रिय समन्वय परिषदको रुपमा सन् २००३ मा स्थापना भए देखि नै एनआरएनए एनसीसी कतार निरन्तर क्रियाशिलछ । समुन्नत राष्ट्र निर्माणमा उल्लेख्य भूमिका निर्वाह गर्ने उद्घोषका साथ विश्वका समृद्ध राष्ट्रहरुमा आर्थिक तथा बौद्धिकरुपमा स्थापित भइसकेका नेपालीहरुको नेतृत्वमा एनआरएनएको स्थापना हुदै गर्दा त्यो भन्दा फरक भूगोलमा फरक परिस्थितिमा फरक उद्देश्यले विदेशिएका नेपालीहरु कार्यरत रहेको मुलक कतारमा यो संस्था स्थापना गरि सिङ्गो अभियानमा काँधमा काँध मिलाउदै अघि बढ्नु उदाहरणिय ऐतिहाँसिक कदम मात्र नभएर एउटा महत्वपूर्ण सामाजिक अभियानको शुरुवात पनि थियो । आज एनआरएनए अभियान संस्थागतरुपमा ७० मुलुकहरुमा तथा संख्यात्मकरुपमा ३० औं लाख नेपालीहरु बीचमा विस्तार भइसकेकोछ । संख्यात्मकरुपमा मात्र नभएर यस अवधिमा संस्थाले सामाजिक, सांस्कृतिक, साहित्यीक, व्यवसायीक आदी क्षेत्रमा खेलेको भुमिका, मातृभूमि तथा कर्मभूमिमा विकास गरेको सम्बन्ध तथा राष्ट्र एवं गैरआवासीय नेपालीहरुबाट प्राप्त विश्वास र अपेक्षा आदिका कारण एनआरएनएको कार्यक्षेत्र निकै फराकिलो भइसकेकोछ । कतारको सन्धर्भमा पनि वर्तमानमा एनआरएनए एनसीसीको कार्यक्षेत्र तथा जिम्मेबारी सोहि अनुपातमा विस्तार भइरहेकोछ ।
स्थापनाकाल देखि आजको दिन सम्म आइपुग्ने क्रममा थुप्रै आरोह अवरोहहरु पार गरिसकेको एनसीसी कतारले आफ्नो लक्ष्य प्राप्तीका लागि समाजका विभिन्न क्षेत्रमा निरन्तर क्रियाशिल रहदा आइपरेका अनगिन्ति कठिनाईहरुलाई व्यवस्थापन गर्दै उल्लेख्य सफलताहरु प्राप्त गरिसकेकोछ, लाखौ गैरआवासीय नेपालीहरुको विश्वास प्राप्त छ,, कतार सरकार तथा अन्य आप्रवासी समुदायहरु बीच पहिचाहान बनाउन सफल भएकोछ अनि नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाको रुपमा स्थापितछ । आजको दिनमा यो संस्था नेपाल सरकार, कतार सरकारका विभिन्न निकायहरु, सरोकारवाला अन्तराष्ट्रिय संघ संस्थाहरु र यहाँ कार्यरत नेपालीहरु बिच समन्वयात्मक भूमिका खेल्ने तथा आवाश्यक सामाजिक, सांस्कृतिक गतिविधिहरु संचालन गर्ने नेपालीहरुको एक मात्र साझा संस्थाकोरुपमा सक्रिय छ । यहि पृष्ठभुमिमा क्रियाशिल संस्थाको वर्तमान कार्यकालको गत ५ सेप्टेम्बर २०१४, शुक्रवारका दिन सम्पन्न भएको तेश्रो राष्ट्रिय परिषद् भेला देखि हालसम्म कार्यसमिति मार्फत भए गरिएका कार्यहरुको विवरणलाई **कार्यप्रगति प्रतिवेदन**को रुपमा संस्थाको महासचिवको हैसियतले यस सम्मानित भेलामा प्रस्तुत गर्न गइरहेकोछु । यस प्रतिवेदनमा हालसम्म भएका कार्यहरुको विवरणलाई संक्षेपिकरण गरि चुस्तरुपमा प्रस्तुत गर्ने प्रयास गरेको छु । यद्यपि तयारी तथा प्रस्तुतिको क्रममा कुनै कमि कमजोरी भएको पाइएमा आवश्यक सुधार गर्ने प्रतिबद्धताका साथ प्रतिवेदन अगाडी बढाउने अनुमति चाहान्छु ।

**सभापति महोदय तथा परिषद् सदस्यज्यूहरु ,**
गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारले गत ५ सेप्टेम्बर २०१४ देखि हाल सम्म ३ वटा कार्यसमिति बैठक तथा ११ वटा सचिवालय बैठक बसि सम्पन्न गरेका कार्य तथा गतिविधिहरु यस प्रकार रहेका छन् ।

- **तेश्रो राष्ट्रिय परिषद् भेला** : गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको तेश्रो राष्ट्रिय परिषद् भेला ५ सेप्टेम्बर २०१४ अध्यक्ष मक्सुद आलमको अध्यक्षता तथा आइसीसी उपाध्यक्ष टि. बि. कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । मध्यपुर्व क्षेत्रीय उपसंयोजक पूर्ण के. सी., आइसीसी संस्थापक उपाध्यक्ष देवकाजी डंगोल, आइसीसी सदस्यद्धय अमृत गुरुङ तथा उमेश अधिकारी लगायत आइसीसी तथा एनसीसीका पुर्व पदाधिकारीहरु एवं परिषद् सदस्यहरुको व्यापक उपस्थितिरहेको सो भेलाले प्रस्तुत आर्थिक तथा कार्य प्रगति प्रतिवेदनलाई छलफल सहित पारित गर्नुका साथै एनआरएनए भवन निमार्ण सहयोग अभियानलाई तिब्रता दिने तथा एनआरएनको परिभाषाका सम्बन्धमा अन्तराष्ट्रिय सम्मेलनले छलफल गरि पारित गरे बमोजिम १८२ दिन विदेश बसेका नेपालीहरुलाई परिभाषा भित्र समेट्दै अभियानमा सहभागि गराउनु पर्ने पक्षमा एनसीसी कतारले राख्दै आएको अडानलाई यथावत राख्दै आइसीसीमा सोहि अनुसार यो बिषयलाई उठान गर्ने निर्णय गरेका थिए ।

- **मेसिन रिडेबल पासर्पोट आवेदन तथा वितरणमा सहयोग तथा सहजीकरण** : प्रवासमा रहेका सबै नेपालीहरुसँग प्रत्यक्ष सरोकार राख्ने हस्त लिखित पासपोर्टलाई मेसिन रिडेबलमा स्थानान्तरण गर्ने अभियानलाई एनआरएनए एनसीसी कतारले बिषेश जोड दिदै सहजिकरणको लागि विभिन्न माध्यामबाट दुतावासलाई सहयोग गरिरहेकोछ । जसमा दुतावासमा स्थापित एनआरएनए परामर्श केन्द्रबाट निरन्तर रुपमा दैनिक २०० भन्दा बढि सर्वसाधारणहरुलाई सेवा दिइरहेएकोछ । घुम्ति आवेदन संकलन शिविरहरुको संयोजन गर्ने तथा सहयोग गर्ने कार्य निरन्तरछ । यस क्रममा यस अवधिमा २० फरवरी २०१५मा सनैया ३२ मा तथा २० मार्चमा सनैया ४१ मा एमआरपी आवेदन संकलन शिविरमा संचालन भइसकेकोछन् भने गत २७ फरवरी २०१५ देखि २०मार्च सम्म विदाको दिन शुक्रबार

दुतावास परिसरमा संचालन भएका एमआरपी संकलन शिविरहरुबाट समेत उल्लेख्य सख्यामा नेपालीहरुले सेवा प्राप्त गरेकाछन् । त्यसै गरि हरेक शुक्रबार दतावासले संचालन गर्ने गरेको एमआरपि वितरण कार्यमा सहयोग गनको लागि संघ संथाहरुलाई समन्वय गरिरहेकोछ । हाल सम्म सो सहजीकरण सहभागि संघ संथाहरु निम्नअनुसार रहेकोछन् ।

- ❖ सिराह सेवा समिति - सेप्टेम्बर महिना ३ पटक
- ❖ प्रवासी झापाली सम्पर्क मञ्च - ३१ अक्टोबर २०१४
- ❖ अर्घाखाँची सेवा समाज- ७ नोभेम्बर २०१४
- ❖ स्याङजा सहयोग समाज - १४ नोभेम्बर २०१४
- ❖ पाँचथर सेवा समाज - २१ नेभेम्बर २०१४
- ❖ म्याग्दी सेवा समाज - २८ नोभेम्बर २०१४
- ❖ गुल्मी सेवा समाज - ५ डिसेम्बर २०१४
- ❖ पर्वत युवा सेवा समाज - १२ डिसेम्बर २०१४
- ❖ कास्की आदर्श सेवा समाज-१९ डिसेम्बर २०१४
- ❖ नेपाली मुस्लिम समाज - २६डिसेम्बर २०१४
- ❖ नेपाली जनसम्पर्क समिति- २ जनवरी २०१५
- ❖ प्रवासी नेपाली मञ्च - ९ जनवरी २०१५
- ❖ मोरङसुनसरी सेवासमाज - १६ जनवरी २०१५
- ❖ खस क्षेत्री सेवा समाज- २३ जनवरी २०१५
- ❖ नेपाली महिला समाज - ३० जनवरी २०१५
- ❖ नेपाल प्र. आदीवासी जनजाती महासंघ- ६फरवरी २०१५
- ❖ प्यूठान सेवा समाज - १३ फरवरी २०१५
- ❖ ओखलढुङ्गा सेवा समाज- २० फरवरी २०१५
- ❖ नेपाली जनसम्पर्क समिति-२७फरवरी२०१५ *दुतावासको अनुरोधमा*
- ❖ जनप्रगतिशिल मञ्च- ६ मार्च २०१५ *दुतावासको अनुरोधमा*
- ❖ प्रवासी नेपाली मञ्च- १३ मार्च २०१५ *दुतावासको अनुरोधमा*
- ❖ तमु समाज कतार - २० मार्च २०१५
- ❖ नुवाकोट सेवा समाज- २७ मार्च २०१५
- ❖ खोटाङ सेवा समाज कतार- ३ अप्रिल २०१५

- **श्रमिक कल्याण तथा राहात सम्बन्धि गतिविधिहरु :**
  - ❖ राम्रो कामको आश्वासन दिएर भिजिट भिसामा कतार ल्याई दुई लाख तीस हजार असुल गरि भर्सटाएल मेनेजमेन्ट मेनपावर मार्फत कतार आएका मोरंग बेलबारी (४ लालभित्ति का जनक पुरी मेनपावरको लोकल दलाली कुमार उराउ ( ईटहरी ) ले उनको पासपोर्ट लिई अढाई महिना सम्म सम्पर्क बिहिन भएको अबस्थामा खोज तलास गरि अलपत्र परेका जनक पुरी लाई ०९-०९-२०१४ का दिन पासपोर्ट हस्तान्तरण गरिएको थियो । निजले समस्या लिएर धेरै पटक दुतावास पुग्दा समेत सहयोग पाउन नसकेको भन्दै एनसीसीको सम्पर्कमा आएका थिए ।
  - ❖ १५ सेप्टेम्बर २०१४-सनैया १३ स्थित एक कम्पनीमा कार्यरत कुमार मगर (भोजपुर), टुक बहादुर राम्तेल (भोजपुर), सुबत कापर (जनकपुर), लखन शाहनी (रौतहट), र उपेन्द्र शाह (सर्लाही), ४ महिना देखि पारिश्रमिक बिहिन भई खाद्यान्न अभावका कारण एनसीसी कतारको सम्पर्कमा आएपछि खाद्यन्न सहयोग गरिएको थियो ।
  - ❖ २६ जनवरी २०१५, विगत ५ महिना देखी कम्पनीले पारिश्रमिक नदिएको कारण पिडित भएका नेपालीहरु खाद्यान्न समेत भएका एक कम्पनीमा कार्यरत टिकाराम चौधरी (तुलसीपुर डुरुवा,१ दाङ्ग), पूर्ण बहादुर चौधरी (दरिगाऊ ४ दाङ्ग) र सुरेश तामांग (नगरकोट-८ भक्तपुर) लाई खाधान्न उपलब्ध गराउनुका साथै कानुनि प्रक्रिया लागि समेत आवाश्यक परामर्श दिई सहयोग गरिएको थियो ।
  - ❖ घाइते तथा बिरामीहरुको अवस्थाको जानकारी तथा सहयोग : गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले हमाद मेडिकलसँगको समन्वयमा विभिन्न दुर्घटनामा परि लामो समय देखि अस्पतालमा रहेका घाइते तथा बिरामीहरुको अवस्थाको बारेमा जानकारी लिदै थप उपचार, बिमा तथा नेपाल फिर्तिका लागी आवाश्यक कानुनी तथा प्रक्रियागत सहयोगको लागि पहल गरेकोछ । केहि समय प्रत्येक बिहिबार नियमितरुपमा एनसीसीको टोलीले अस्पतालको भ्रमण गर्ने तथा बिरामीको अवस्था अनुसार आवाश्यक सहयोग गरेकोछ । एनसीसीको यस अभियानबाट थुप्रै पिडित नेपालीहरुले राहात महसुस गर्नुका साथै प्रक्रिया पुरा गरी नेपाल फर्कन सफल भएका थिए । त्यस्तै एनसीसीले क्यापिटल पुलिस, सि आइ डि तथा जेलको समेत भ्रमण गरी नेपालीहरुलाई आवाश्यक सहयोग गरिरहेकोछ ।
  - ❖ अर्घाखाँची सेवा समाज कतारको सिफारिसमा सोहि जिल्लाका कतारमा निधन भएका मृतक रुमाकान्त चुदाली परिवारको सहयोगको लागि कतारी रियाल ५०० सहयोग गरिएको थियो ।

- **सांगितिक, सांस्कृतिक, साहित्यीक तथा खेल गतिविधिहरु :** राष्ट्रको सांस्कृतिक दूतको रुपमा समेत परिचित विदेशमा नेपाललाई प्रवद्धन गर्ने दायित्व समेत बहन गरिरहेको संस्थाको रुपमा एनआरएनए एनसीसी कतारले विभिन्न सांस्कृतिक तथा सांगितिक गतिविधिहरु संचालन गर्दै नेपाली कला, संस्कृति तथा पर्यटन प्रबद्धनमा सहयोग गरिरहेकोछ । यस अवधिमा सम्पन्न कार्यक्रमहरु निम्नानुसार रहेकाछन् ।
  - ❖ ४ अक्टोबर २०१४का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारले कतार सरकार आन्तरिक मन्त्रालयले अलखोर स्टेडियम र वेस्टइण्ड पार्कमा आयोजना गरेका २ छुट्टा छुट्टै इद मेला कार्यक्रममा विभिन्न नेपाली सांस्कृतिक प्रस्तुतिहरु तथा स्वयंसेवकहरु सहित सहभागिता जनाएकोछ ।
  - ❖ कतारमा आयेजना भएको १०५ औ लक्ष्मी जयन्ति कार्यक्रमलाई एनसीसीको तर्फबाट कतारी रियाल ५०० (पाँच सय) सहयोग सहित सहभागिता जनाइएको थियो ।
  - ❖ अलअरबी स्पोर्ट क्लब सँग पुन समझदारी : १० नोभेम्बर २०१४ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले कतारको प्रसिद्ध स्पोर्ट क्लब अलअरबी स्पोर्ट क्लब सँग पुन आपसी समझदारी गरेको थियो । विगत बर्षहरु देखिको आपसी सहकार्य र समझदारीलाई निरन्तरता दिदै कतारबासी खेलप्रेमी नेपालीहरुलाई निशुल्क खेल हेर्ने लगायतका अवसर प्रदान गर्ने तथा नेपाली खेल र कलालाई प्रबद्धन गर्नमा समेत यो सहकार्य फलदायी रहदै आएकोछ ।
  - ❖ अक्टोबर २०१४ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले एनआरएन डे २०१४, बडा दशै, बक्र ईद, दिपावली, छठ तथा नेपाल सम्बत ११३५को अवसरमा ९ अक्टोबर २०१४का दिन शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरियो ।

- ❖ २४ अक्टोबरका  दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको संयोजनमा सामूहिक देउसी भैलो सम्पन्न भएको थियो । नेपाली राजदुतावासको प्राङ्गणमा कतारमा स्थापित विभिन्न संघ संस्थाहरुको सहभागितामा सामुहिकरुपमा खेलिएको सो देउसी भैलो कार्यक्रममा नेपाली राजदुतावास कतारका कार्यबहाक राजदुत श्री गणेश प्रसाद ढकाल, एनआरएनए आइसीसीका उपाध्यक्ष टि. बि. काकी लगायत आइसीसीका पदाधिकारीहरु, पुर्व पदाधिकारीहरु, एनसीसी सल्लाहकारहरु, एनसीसीका पुर्व पदाधिकारीहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि, पत्रकार लगायत नेपालीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कार्यबहाक राजदुत गणेश प्रसाद ढकालले शुभकामना दिनुभए पश्चात निम्न संघ संस्थाको देउसी भैलो टोलीहरुले पालै पालो देउसी खेलेका थिए । सहभागि संथाहरु यस प्रकार थिए ।

- ❖ अर्घाखाँची सेवा समाज
- ❖ गुल्मी सेवा समाज
- ❖ मोरङसुनसरी सेवा समाज
- ❖ स्याङजा सहयोग समाज
- ❖ नेपाली कला केन्द्र
- ❖ म्याग्दी सेवा समाज
- ❖ कतार नेपाली एकता समाज
- ❖ प्रवासी झापाली सम्पर्क मञ्च कतार
- ❖ खस क्षेत्री सेवा समाज कतार
- ❖ कास्की आदर्श सेवा समाज
- ❖ तनहु सेवा समाज
- ❖ पाँचथर सेवा समाज
- ❖ पाल्पाली सेवा समाज
- ❖ दाङ देउखुरी सेवा समाज
- ❖ माझि सेवा समाज कतार
- ❖ किरात राई यायोख्खा
- ❖ समाजसेवा अभियान रुपन्देही

- ❖ ३१ अक्टोबरमा सम्पन्न बैठकले मलेसियामा सम्पन्न अन्तराष्ट्रिय क्रिकेट डिभिजन ३ को विजेता बनि डिभिजन २ मा प्रवेश गरेकामा नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई प्रस्ताव पारित गरेको थियो ।
- ❖ १ नोभेम्बर २०१४, फिलिपिन्स सँगको मैत्रीपुर्ण खेल खेल्न कतार आएको नेपाली राष्ट्रिय फुटबल टोलीका खेलाडीहरुलाई एक कार्यक्रम बिच सम्मान गरिएको थियो । अध्यक्ष मक्सुद आलमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आइसीसी उपाध्यक्ष टि. बि. कार्की, सदस्यद्धय अमृत गुरुङ र उमेश अधिकारी, एनसीसी सल्लहकार संयोजक गुरुनारायण रानाभाट, सल्लाहकार आर के शर्मा लगायत खेलाडीहरु, व्यवस्थापक, कलाकारहरुको उल्लेख्य सहभागीता रहेको थियो ।
- ❖ १८ डिसेम्बर २०१४, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले कतारको राष्ट्रिय दिवसको अवसरमा आयोजित समारोहमा नेपाली समुदायको तर्फबाट संस्थागत सहभागिता जनाएको थियो । कतार सरकार आन्तरिक मन्त्रालयले अलखोर स्पोर्टस क्लबमा आयोजना गरेको सो समारोहमा विभिन्न संस्कृति झल्काउने १ दर्जन सांस्कृतिक तथा सांगितिक प्रस्तुतीहरु, अतिथि तथा स्थानिय कलाकारहरुको सांगतिक प्रस्तुतीहरु, अन्तर समुदाय फुटबल तथा क्रिकेट खेलमा सहभागिता तथा व्यापक नेपालीहरुको उपस्थिति सहित सहभागिता जनाइएको थियो ।
- ❖ शुभकामना आदान प्रदान कार्यक्रम : गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले १ जनवरीका दिन राष्ट्रिय पर्वहरु चासोक तङनाम-येले तङ्वे ५०७५, साकेला उधौली-येले दोङ् ५०७५, रापवा शाँदर उधौली-नक थोचे ५०७५, उधौली भूजेली, ल्हु ल्होसार, माघि २०७१, सोनाम ल्होछार २८५१, लदी पुजा तथा नँया बर्ष २०१५ को उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रममा आयोजना गरेको थियो । संस्थाका अध्यक्ष मक्सुद आलमको अध्यक्षता तथा आइसीसी उपाध्यक्ष टि. बि. कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा कतारमा रहनुभएका आइसीसी पदाधिकारी ज्यूहरु, पुर्व पदाधिकारी ज्यूहरु, एनसीसी सल्लाहकार ज्यूहरु, नेपाल प्रवासी आदीबासी जनजाती महासंघ, प्रवासी मगर संघ, तमु समाज, किरात राई यायोख्खा, नेपाल प्रवासी तामाङ समाज, प्रवासी भुजेल समाज, थारु कल्याणकारिणी सभा, सुनुवार सेवा समाज, किरात याख्तुङ चुम्लुङ तथा माझि समाज कतारका प्रतिनिधिहरुको समुपस्थित रहेको थियो ।
- ❖ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले अल अरबी स्पोर्ट क्लबको सहयोगमा ५ डिसेम्बर २०१४का दिन अल वक्रा स्टेडियममा बृहत सांगितिक कार्यक्रम तथा फुटबल खेलको आयोजना गरेको थियो ।
- ❖ म्याराथुनमा सहभागिता : प्रवासमा खेलकुदका विभिन्न विधाहरुलाई प्रबद्धन गरिरहेको एनआरएनए एनसीसी कतारले म्याराथुन प्रतियोगितामा समेत सहभागिता जनाएकोछ । यसै क्रममा गत ९ जनवरी २०१५का दिन तथा कतारको राष्ट्रिय खेल दिवस १० फरवरीका दिन आयोजित म्याराथुनहरुमा एनआरएनए एनसीसीको तर्फबाट म्याराथुन धावक रमेश जैसीले सहभागीता जनाएका थिए ।

- **छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु :** एनआरएनए एनसीसी कतारले विभिन्न समयमा विभिन्न बिषयहरुमा आन्तिरक तथा  आमन्त्रित व्यक्तिहरु सँग छलफल तथा अन्तरिक्रियाहरु आयोजना गरेकोछ ।
  - ❖ ७ अक्टोबर २०१४ का दिन एनआरएनए एनसीसी कतारले एनआरएनएको बिधान संशोधन सम्बन्धमा आइसीसी विधान संसोधन समितिका मध्यपुर्व सह-सह संयोजक धरम के सी सँग छलफल गरेको थियो ।
  - ❖ ११ अक्टोबर २०१४ का दिन नेपाली राजदुतावास कतारका कार्यवाहक राजदुत श्री गणेश प्रसाद ढकाल, परराष्ट्र मन्त्रालयका उमाकान्त आचार्य, अर्थ मन्त्रालयका निर्मलहरी अधिकारी, सामान्य प्रशाशन मन्त्रालयका तिर्थ पौड्याल र श्रम मन्त्रालयका अम्विका अधिकारी लगायतको टोलीसँग नेपाली राजदुतावासको भौतिक पुर्वाधार, जनशक्तिको अभाव, नेपाली श्रमिकका समस्या, दुतावासको सेल्टर हाउसको स्तरोन्नत्ति, नेपाल र कतारको द्विपक्षिय कुटनितिक र व्यापारिक सम्वन्ध, एमआरपि पासपोर्ट नविकरणको समस्या समाधानमा अल्पकालिन र दिर्घकालिन समस्याका वारेमा छलफल गरिएको थियो ।
  - ❖ ११ नोभेम्बर २०१४का दिन  गैरआवासीय नेपाली संघले सुरक्षित आप्रवासनको क्षेत्रमा संस्थागत समझदारी सहकार्य गरिरहेको संस्था **वाक फर फाउण्डेसन**का प्रतिनिधिहरु सँग दोहामा सात्क्षातकार गरेको थियो । एनसीसी अध्यक्ष मक्सुद आलम, आइसीसी सदस्य अमृत गुरुङ, सल्लाहकार संयोजक गुरुनारायण रानाभाट र महासचिव विनोद भट्टराई सहभागी सो साक्षात्कारमा कतारका श्रमिकहरुको समस्याका काराणहरुको बारेमा छलफल भएको थियो ।

- ❖ २६ नोभेम्बर २०१४ तथा १ अप्रिल २०१५का दिन कतारमा रहनुभएका आइसीसी पदाधिकारी, पुर्व पदाधिकारी तथा एनसीसीका पुर्व अध्यक्ष तथा पुर्व महासचिवहरुसँग एनसीसीका समसामयिक बिषयहरुमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।
- ❖ १० जनवरी २०१५ का दिन विगत करिब ३ दशक देखि नर्वेमा बसोबास गर्दै आउनुभएका प्रोफेसर डा. विशाल सिटौलाको **"विस्डम वेस नेपाल प्रमोसन"** बिषयक ज्ञानमुलक प्रस्तुती कार्यक्रम आयोजना गरिएको थियो । सो कार्यक्रममा प्रो. सिटौलाले आफुले नेपालमा भएका संस्कार, मुल्य मान्यता र परम्पराहरु महत्वपुर्ण बौद्धिक सम्पतीको रुपमा रहेको र यसलाई सहि तरिकाले प्रवर्द्धन गर्न सके सिङ्गो मानव समाजलाई सन्तुष्ट र खुसी बनाउन सक्ने आधारहरु सहित करिब १ घण्टाको प्रस्तुती गर्नुभएको थियो ।
- ❖ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको आयोजनामा अन्तर्राष्ट्रिय श्रम संगठनका गभर्निङ्ग बडि मेम्बर विन्दा पाण्डे र  संविधान सभा सदस्य जाकिर हुसेनसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा एनआरएन आइसीसी उपाध्यक्ष टि. बि. कार्की सहित कतारमा रहनुभएको आइसीसी पदाधिकारीतथा अग्रजहरु लगायत कतारमा स्थापित संघ संस्थाका प्रमुखहरुको उपस्थिति रहेको थियो । छलफलमा सुरक्षित आप्रवासनका स्थानिय समस्याहरु, नियोगको अवस्था र सुधार गरिनु पर्ने कुराहरु, आइएलओ र संसदको भुमिका तथा आसन्न सार्क सम्मेलनको लागि सुरक्षित आप्रवासन सम्बन्धि सम्भावित एजेण्डाका बिषयमा छलफल भएको थिए । उठेका सवालहरुलाई आइएलओ गभनिङ वडि मेम्बर विन्दा पाण्डेले सम्बोधन गर्नु भएको थियो ।

- **निशुल्क स्वस्थ्य शिविर सम्पन्न** : कतारमा कार्यरत नेपाली श्रमिकहरुको स्वास्थ्य सेवा लाई ध्यानमा राख्दै ५ डिसेम्बर शुक्रबारका दिन सनैया स्थित ग्राण्ड मलमा एटलास पोलिक्लिनिकसँगको सहकार्यमा निशुल्क स्वासथ्य शिविर आयोजना गरिएको थियो । सो शिविरबाट ७५८ सर्वसाधारण नेपालीहरुले सेवा प्राप्त गरेका थिए ।

- **१२ औ स्थापना दिवस तथा एनआरएनकप फुटबल २०१४को समापन** : १२ डिसेम्बर २०१४, दोहा, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको १२औ स्थापना दिवस तथा एनआरएन कफ फुटबल २०१४को समापन समारोह गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्का अध्यक्ष शेष घलेको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको थियो । एनआरएनए एनसीसी कतारका अध्यक्ष मक्सुद आलमको सभापतित्वमा सम्पन्न सो समारोहमा नेपाली राजदुतावास दोहा कतारका द्धितिय सचिव नितेश सापकोटा, एनआरएनए आइसीसीका उपाध्यक्ष टि. बि. कार्की, महासचिव कुमार पन्त, मध्यपुर्व क्षेत्रीय उप-संयोजक पूर्ण के सी, संस्थापक उपाध्यक्ष देवकाजी डंगोल, सल्लहकार नरेन्द्र भाट, आइसीसी सदस्यद्धय अमृत गुरुङ तथा उमेश अधिकारी, एनसीसी बहराइनका अध्यक्ष टंक बस्नेत, एनसीसी साउदी अरबियाका अध्यक्ष पुरुषेत्तम दास श्रेष्ठ लगायत एनसीसीकतारका संस्थापक, पुर्व अध्यक्ष तथा पदाधिकारीहरुको समुपस्थिति रहेको थियो । संस्थाका कोषाध्यक्ष द्रोण बस्नेतले स्वागतले स्वागत गर्नु भएको सो कार्यक्रममा एनआरएनकप फुटबल २०१४का संयोजक टि एन बरालद्धारा सो प्रतियोगिताको गतिविधि रिपोर्ट तथा महासचिव बिनोद भट्टराईद्धारा संस्थाको स्पाथनाकालदेखिका प्रमुख गतिविधिहरुलाई समेटेर तयार पारिएको "रिभर अफ लाइफ" प्रस्तुत गरिएको थियो । एनआरएनकप २०१४का सहभागी टिमहरु, बिजेता टिमका खेलडीहरु, स्वयंसेवकहरु, व्यवस्थापन समिति तथा सहयोगीहरुलाई प्रमाण पत्र तथा प्रशंसा पत्रहरु वितरण गरिएको थियो । सोहि अवसरमा संस्थाको स्थापना काल देखि विभिन्न समयमा योगदान दिनुहुने संस्थापक तथा पुर्वपदाधिकारीहरु आइसीसी संथापक अध्यक्ष डा. उपेन्द्र महतो, उपाध्यक्ष देवकाजी डंगोल, पुर्व आइसीसी सदस्य तथा कतार प्रतिनिधिहरु सागर नेपाल ( संस्थापक), भिमप्रसाद पौडेल, अजिजुर रहमिान शेष, पुर्व अध्यक्षहरु राजीव डंगोल (संस्थापक), बद्री प्रसाद पाण्डे, कमलमणी गुरागाँई, नरेन्द्र भाट तथा अमृत गुरुङ, पुर्व उपाध्यक्षहरु रविकान्त लाल (संस्थापक), सुजेन्द्र श्रेष्ठ (संथापक), दिलकिरण खजुम, गुरुनारायण रानभाट, पुर्व महासचिवहरु प्रज्ञान उदास (संस्थापक), सुधिर कुमार सिंह, राजेश दर्शन अर्याल, बिलबहादुर गुरुङ तथा क्रान्ति सिंह र संस्थापक सदस्य स्व. शिखर वैद्य (मरणेपरान्त) लाई सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि शेष घले तथा अन्य अतिथि ज्यूहरुले एनसीसी कतारलाई शुभकामना व्यक्त गर्नु भएको थियो । सोहि दिन बेलुका एनसीसीले अइसीसी अध्यक्ष ज्यू लगायतका अतिथि ज्यूहरुसँग साक्षत्कार गरिएको थियो ।

- **पद रिक्त तथा पदपुर्ति** : ९ जनवरी २०१५ मा सम्पन्न आठौं बैठकको निर्णयले लामो समय देखि कतार बाहिर रहेको र संस्थाका बैठक तथा गतिविधिहरुमा अनुपस्थित रहेको कारण विधानत पद मुक्त भएको जानकारी गराइएका संस्थाका सचिव धर्मदेव मण्डल, सदस्यद्धय आइबहादुर खत्री तथा महेन्द्र कुमार भुजेलको रिक्त स्थानमा २७ मार्चमा सम्पन्न नवौ बैठकले पदपुर्ति गरेको थियो ,। जसअनुसार सचिवमा टेकनाथ बराल, सचिवालय सदस्यमा ई. नन्न प्रसाद गर्बुजा तथा कार्यसमिति सदस्यहरुमा टंकनाथ भट्टराई, अशोक कुमार तामाङ र  ठाकुर कुमार दर्जी हुनुन्छ ।

- **रक्तदान कार्यक्रम** : एनआरएनए एनसीसी कतारले हरेक बर्ष संघ संस्थाहरुको सहभागितामा आयोजना गर्ने गरेको रक्तदान कार्यक्रम यस बर्ष १३ मार्च २०१५का दिन हमद मेडिकल कर्पोरेसन ब्लड डोनर सेन्टरको परिसरमा आयोजना गरियो । सो अवसरमा रक्तदान गर्न उपस्थित इच्छुक १०३ दाताहरु मध्ये प्राविधिकरुपमा योग्य ४६ जना रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो । सो शिविरमा निम्न संस्थाहरु संस्थागतरुपमा सहभागि भएका थिए ।
  - ❖ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार ।
  - ❖ नेपाली जन सम्पर्क समिति, कतार ।
  - ❖ प्रवासी नेपाली मञ्च कतार ।
  - ❖ नेपाल पत्रकार महासंघ, कतार शाखा ।
  - ❖ नेपाल इन्जिनियर्स एसोसिएसन कतार च्याप्टर ।
  - ❖ नेपाल प्रवासी आदीबासी जनजाति महासंघ कतार ।
  - ❖ खस क्षेत्री सेवा समाज कतार ।
  - ❖ स्याङजा सहयोग समाज कतार ।

- ❖ मोरङसुनसरी सेवा समाज कतार ।
- ❖ प्रवासी झापाली सम्पर्क मञ्च, कतार ।
- ❖ गुल्मी सेवा समाज कतार ।
- ❖ अर्घाखाँचि सेवा समाज कतार ।
- ❖ म्याग्दी सेवा समाज कतार ।
- ❖ पाँचथर सेवा समाज कतार ।
- ❖ सिराह सेवा समिति कतार ।
- ❖ पर्वत सेवा समाज कतार ।
- ❖ ईलाम सेवा समाज कतार ।
- ❖ कास्की आदर्श सेवा समाज कतार ।
- ❖ चितवन युवा समुह कतार।
- ❖ खोटाङ सेवा समाज कतार ।
- ❖ सुनुवार सेवा समाज कतार ।
- ❖

- **आइसीसी मार्फत नेपालमा सम्पन्न गतिविधहरु :**
  - ❖ भवन निर्माणमा सहयोग : यस कार्यकालमा आइसीसीले महत्वकांक्षी योजनाकोरुपमा अघिसारेको एनआरएन भवन निर्माण कार्यमा एनसीसी कतारबाट आइसीसीले अपेक्षा गरे भन्दा बढि रकम संकलन गरी पढाइएकोछ । एनसीसीले जम्मा संकलित रकम कतारी रियाल ४६५७३ बराबर हुन आउने रकम तिन किस्ता गरि पठाइएकोछ । सो अभियानमा हातेमालो गर्ने संस्था तथा व्यक्तित्वहरुको नामावली यस प्रकारछ ।

- ❖ श्री आर.के. शर्मा
- ❖ श्री मक्सुद आलम
- ❖ श्री मोरङसुनसरी सेवा समाज
- ❖ श्री उमेश अधिकारी
- ❖ श्री गुल्मी सेवा समाज
- ❖ श्री प्रेम प्रसाद सिटौला
- ❖ श्री अमृत गुरुङ
- ❖ श्री भीम वहादुर वलायर
- ❖ श्री द्रोण वहादुर वस्नेत
- ❖ श्री गुरुनारायण रानाभाट
- ❖ श्री चुडामणि कार्की
- ❖ श्री विल गुरुङ
- ❖ श्री यासीन मामा
- ❖ श्री प्रवासी झापाली सम्पर्क मञ्च
- ❖ श्री ओखलढुंगा सेवा समाज
- ❖ श्री पाँचथर सेवा समाज
- ❖ श्री नेपाली मुस्लिम समाज
- ❖ श्री रामहरी गैह्रै
- ❖ श्री क्रान्ति सिंह
- ❖ श्री रामकुमार मण्डल
- ❖ श्री रामचन्द्र माझी
- ❖ श्री कुमार कार्की
- ❖ श्री सुक वहादुर तामाङ
- ❖ श्री विनोद भट्टराई
- ❖ श्री चोलाकान्त वि.क.
- ❖ श्री विमल सुवेदी
- ❖ श्री मुख्तार आलम
- ❖ श्री याम विसी
- ❖ श्री वालकृष्ण भित्रीकोटी
- ❖ श्री सिर्जना लिम्वु
- ❖ श्रीमती सोया दाहाल
- ❖ श्रीमती सम्झना पुडासैनी
- ❖ श्री हंशराज ढकाल
- ❖ श्री गोपाल प्र. थापा
- ❖ श्री माईला वाईवा तामाङ
- ❖ श्री छविलाल भट्टराई
- ❖ श्री ललिता गौतम
- ❖ श्री भीम तरामु मगर
- ❖ श्री चिन्तामणि पौडेल
- ❖ श्री छविरमण कटुवाल
- ❖ श्री वुद्ध पाण्डे
- ❖ श्री गोप सुनार
- ❖ श्री राजकुमार डिम्डुङ
- ❖ श्री राजवहादुर राई
- ❖ श्री लोक वहादुर राई
- ❖ श्री मेहताव आलम
- ❖ श्री लिलमान कटुवाल
- ❖ श्री हरी कुमार वस्नेत
- ❖ श्री दिपक खड्का
- ❖ श्री पुर्ण वहादुर केसी
- ❖ श्री रमदान अली मीया
- ❖ श्री भीम घले
- ❖ श्री कमलमणि गुरागाईं
- ❖ श्री अर्घाखाँची सेवा समाज
- ❖ श्री स्याङजा सहयोग समाज
- ❖ श्री प्युठान सेवा समाज
- ❖ श्री ई. नन्द प्रसाद गर्बुजा
- ❖ श्री लिला जिसी
- ❖ श्री विनेश तामाङ
- ❖ श्री युवराज पाठक
- ❖ श्री टुकराज अर्याल

  - ❖ चेपाङ संरक्षण केन्द्रलाई सहयोग : चिवनको रत्ननगर मंगलपुरमा रहेको चेपाङ बस्ती संरक्षणको लागि मध्यपुर्व क्षेत्रीय उप-संयोजक पुर्ण के. सी ज्यूको पहलमा २ लाख १२ हजार रुपँया रकम संकलन गरी आइसीसी मार्फत पठाइएको थियो ।
  - ❖ महिलाहरुको पाठेघर तथा आङ खस्ने समस्या सम्बन्धि कार्यकमलाई सहयोग : अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेपालमा आइसीसी महिला विभागद्धारा आयोजित पाठेघर शल्यक्रिया शिविरको सहयोगको लागि आइसीसी महिला संयोजकबाट सहयोगको लागि प्राप्त अनुरोध बमोजिम रु ६० हजार सहयोग गरिएको थियो ।

- **परामर्श केन्द्र मार्फत सेवा :** नेपालीहरुको सेवाको लागि विगत १ बर्ष देखि दुतावासमा स्थापना गरिएको **एनआरएनए परामर्श केन्द्र**बाट सेवा प्रदान गर्ने कार्य यस अवधिमा पनि निरन्तर रह्यो । प्रत्येक दिन करिब २५० का दरले हरेक दिन नेपालीहरुले सेवा पाइरहेकाछन् ।

- **अग्नि पिडितहरुलाई सहयोग अभियान :** ताप्लेजुङ्ग सदरमुकार तथा सप्तरीमा भएको भिषण आगालागि पिडितहरुको सहयोगार्थ एनसीसीले शुरु गरेको राहात संकलन अभियान हाल जारीछ । सचिवालय सदस्य छविरमण कटुवालको संयोजकत्वमा संचालित

अभियानमा विभिन्न संघ संस्था तथा व्यक्तित्वहरुबाट सहयोग प्राप्त भइरहेको जानकारी सहित यस सम्मानित भेलामा उपस्थित परिषद् सदस्य ज्यूहरुमा समेत सहयोगको लागि अनुरोध गर्दछौं ।

- **अन्य गतिविधिहरु :**
    - ❖ अक्टोबर १३ मा दिवंगत हुनुभएका जनकबि केशरी धर्मराज थापाको आत्माको चिरशात्तिको कामना गर्दै ३१ अक्टोबरमा सम्पन्न बैठकले शोक प्रस्ताव पारित गरेको थियो ।
    - ❖ संस्थाका द्धितिय उपाध्यक्ष श्री शुकबहादुर तामाङ ज्यूका पुज्यनिय पिता भिमबहादुर तामाङको दुखद निधन प्रति गहिरो दुख व्यक्त गर्दै मिति २८ डिसेम्बर २०१४मा बसेको सचिवय बैठकले शोक प्रस्ताव पारित गरेको थियो ।
    - ❖ सचिवालयको २२ औ बैठकले दुर्घटनामा परि गम्भिर घाइते हुनुभएका राष्ट्रिय परिषद् सदस्य श्री टोम प्रसाद बडालको शिघ्र स्वास्थलाभको कामना गरेको थियो ।

उपरोक्त गतिविधिहरुका अलवा नेपाली समुदायको अग्रणी साझा संस्थाको हैसियतमा नेपाल सरकार, नेपाली राजदुतावास, कतार सरकारका विभिन्न निकायहरु, सरोकारवाला संघ संस्थाहरु तथा सिङ्गो समूदायसँग नजिकबाट समन्वय गर्दै दैनिक थुप्रै कार्यहरु सम्पादन गरिरहेकोछ । विभिन्न अवसरहरुमा औपचारिक तथा अनौपचारिक रुपमा समुदायको नेतृत्व गर्दै प्रतिनिधित्व गर्ने, सहभागिता जनाउने, स्वागत तथा भेटघाटमा सरिक हुने, नेपाली तथा अन्य समुदायका कार्यक्रम तथा गतिविधिहरुमा उपस्थिति जनाउने, नेपालीहरुका कठिनाईहरुमा परामर्स दिने, सहयोग तथा सहानुभुति प्रकट गर्ने जस्ता समुदायको सरोकार राख्ने जानकारी तथा सुचनाहरु प्रवाह गर्ने, नेपालीहरुका समस्यालाई सम्बन्धित निकायमा पुऱ्याई समाधानको लागि पहल गर्ने जस्ता कार्यहरु दैनिकरुपमा सम्पादन गरिरहेको व्यहोरा जानकारी गराउदछु ।
सिमित श्रोत साधन र कयौ व्यवहारिक कठिनाईका बाबजुद एनसीसीले अधिकतम कार्यहरु संचालन गर्ने प्रयास गरिरहेको भए पनि कतारमा विद्यमान नेपालीहरुका समस्याका सामुन्ने प्रयाप्त भएका छैनन् । विभिन्न कारणले समस्यामा परेका पिडितहरुबाट हरेक दिन प्राप्त हुने सहयोगका अनुरोधहरुलाई चाहेर पनि सहयोग गर्न नसकिरहेको अवस्थाछ । तसर्थ हामिले आगामी दिनहरुमा थप वैकल्पिक श्रोत साधनहरुको व्यवस्था गरेर राहात सहयोगलाई विस्तार गर्नु पर्ने आवाश्यकता महशुस भएकोछ । त्यति मात्र नभएर जानेर या नजानेर गैर कानुनि गतिविधिहरुमा संलग्न भएर पनि थुप्रै नेपालीहरु सँजाय भेगिरहेको दुखद अवस्था पनि छ । समस्या परिसकेपछि सहयोग जुटाउन लाग्नु भन्दा पनि समस्याबाट टाढै रहन आवाश्यक सचेतना तथा सावधानी अपनाउन यस भेला मार्फत कतारमा कार्यरत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा एनआरएनए एनसीसी कतार अनुरोध गर्दछ ।
अन्त्यमा एनआरएनए एनसीसी कतारका गतिविधिहरुमा सहयोग गरिरहनु हुने नेपाली राजदुतावास, एनआरएनए, आईसीसीका वर्तमान तथा पुर्व पदाधिकारी ज्यूहरु, सल्लाहकार समिति, एनसीसीका पुर्व पदाधिकारी ज्यूहरु कतारमा स्थापित भइ सहकार्य गरिरहेका सम्पुर्ण नेपाली संघ संस्थाहरु, बुद्धीजिवी, व्यवसायी, संचारकर्मी तथा सम्पूर्ण एनआरएनएलाई माया गरिरहनुहुने नेपाली दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । आगामी दिनमा पनि यहाँहरुको यस्तै सहयोग र समन्वयको अपेक्षा गर्दै यस प्रतिवेदन माथि गहन छलफल गरि यसलाई पारित गरि दिन पनि यस सम्मानित भेलामा उपस्थित आदरणिय पंजिकृत सदस्य ज्यूहरुमा अनुरोध गर्न चाहन्छु ।

धन्यवाद ।

बिनोद भट्टराई
महासचिव,
गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद्, कतार ।